स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कलाकारको प्रेम र ब्रेकअप सामान्य मानिन्छ । तर, सार्वजनिक व्यक्ति भएकाले मिडियामा त्यो चासो र चर्चाको विषय बन्ने गरेको छ । यसबीच, 'वीर विक्रम' अभिनेत्री दीया पुनको पनि प्रेम जीवन सार्वजनिक भएको छ । उनी केही वर्षयता रुकमन लामासँग प्रेम सम्बन्धमा छिन् । गत डिसेम्बर २६ मा दीयाको जन्मदिन परेको थियो । रुकमनले दीयासँगका केही तस्वीरहरु आफ्नो इन्स्टाग्राम र फेसबुकमा सेअर गर्दै प्रेम भाव व्यक्त गरेका छन् ।

**आजको विचार...**



केशव खतिवडा

अर्थराजनीतिमा..
(दुई पेजमा)



नीति शाह, रेयर राई र महेश त्रिपाठीलाई शीर्ष भूमिकामा लिएर फिल्म 'खजुरे ब्रो'को छायांकन सुरु भएको छ । यी तीनैजना कलाकारले छायांकन सेट ज्वाइन गरिसकेका छन् । शुक्रबारदेखि सुटिङ सुरु भएको हो । काठमाडौं र धरानका विभिन्न स्थानमा खिल्म खिच्ने तयारी छ । लामो समयदेखि फिल्म खेल्न संघर्षरत पूर्वमिस नेपाल इन्टरनेसनल शाहको डेब्यु सपना पूरा भएको छ । यसअघि निर्माण घोषणा भएर पनि शाहले अभिनय गर्ने भनेका फिल्म रद्द भएका थिए । धरानका एक चर्चित व्यक्तिबाट प्रभावित भएर 'खजुरे ब्रो' निर्माण थालिएको हो ।

❑ वर्ष २९ ❑ अंक १६८ ❑ २०८० माघ १ गते सोमबार 15 January 2024, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# आज उत्साह र एकताको पर्व माघे संक्रान्ति

## देशभर सार्वजनिक बिदा

**शर्मिला थापा मगर**

**पाल्पा,** पुस २९/आज माघे संक्रान्ति पर्व परम्परागत रुपमा देशभर स्नान, दान धार्मिक कार्य गरी मनाइँदैछ । उत्साह र एकताको पर्वको रुपमा हेरिने यो पर्व नेपालको प्रमुख चार्ड मध्ये एक हो । यो माघ महिनाको पहिलो दिन पर्दछ । यसलाई माघे संक्रान्ति, मकर संक्रान्ति, माघी आदि नामले पनि चिनिन्छ ।

प्रत्येक वर्ष सौर मास अनुसार माघ महिनाको पहिलो दिन यो पर्व मनाइन्छ । सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने संक्रान्ति भएकाले माघ १ गतेलाई माघे (मकर) संक्रान्ति भनिन्छ । थारु समुदायले माघ १ गतेलाई नयाँ वर्षका रुपमा धुमधामका साथ स्नान, दान, एवं खानपिन र रमाइलो गरेर माघी पर्व मनाउँदै छन् । पाल्पामा बसोबास गर्दै आएका मगर समुदायले पनि आफ्नो महान चाड माघे संक्रान्ति धुमधामका साथ मनाउँदै छन् । माघे संक्रान्तिको अवसरमा सरकारले आज सार्वजनिक विदा समेत दिएको छ । हरेक वर्ष माघे संक्रान्तिलाई विशेष रुपमा मनाउने चलन छ । विभिन्न जातीय समुदायले




माघे संक्रान्तिका दिन पाल्पा, स्याङ्जा र गुल्मीको संगमस्थल रिडीमा स्नान गर्नेहरुको भिड । हरेक वर्ष माघे संक्रान्तिमा यहाँ स्नान गर्ने र मेला हेर्नेको भिड लाग्ने गर्दछ ।

यसलाई भिन्नभिन्न तरिकाले मनाउँछन् । आजको दिन पवित्र नदी, तलाउ तथा त्रिवेणीमा स्नान गरी पूजाआजासँगै पोसिला खानेकुरा खाएर यो पर्व मनाउने गरिन्छ ।

यो दिनदेखि सूर्य दक्षिणी गोलार्धबाट उत्तरी गोलार्द्ध तर्फ प्रवेश गर्ने भएकाले दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ । माघे र मकर संक्रान्ति पर्व नेपाल भर विभिन्न पवित्र नदी, सागर तथा त्रिवेणीमा स्नान गरी मन्दिरमा पूजाआजाका साथै घिउ, चाकु, तिलको लड्डु र तरुल खाई मनाइन्छ । यस पर्वमा देवघाट, बराहक्षेत्र, रिडी, पनौती, दोलालघाट, कन्काई तथा भारतको प्रयाग र गंगा सागर लगायतका नदी र घाटमा स्नान, दान, श्राद्ध आदि गर्नेको ठूलो भिड लाग्ने गर्दछ ।

नेपालको समस्त भूभाग, हिमाल, पहाड र तराईका बसोबास गर्ने छेत्री, बाहुन, राई, मगर, लिम्बु, नेवार, गुरुङ आदि सबै जनजातीले माघे संक्रान्तिलाई आ-आफ्ना परम्परा, भिन्नभिन्न विशेषता र प्रकृतिले मनाउने गरेको पाइन्छ । माघ संक्रान्तिमध्ये जाडोको रमाइलो पर्व पनि हो । यसदिन तेल लगाउने प्रचलन पनि छ । यो पर्व धार्मिक र आध्यात्मिक रुपमा निकै नै महत्वपूर्ण रहेको छ । यसले देशको भौगोलिकता, जातीयता एवं साँस्कृतिक विविधताको प्रतिनिधित्व गर्दै आएको छ ।

मगरहरूको राष्ट्रिय पर्व घोषणा भइसकेको माघे संक्रान्ति पूर्व र पश्चिम अर्थात् मगरहरू बीचमै पनि भिन्न विशेषता र प्रकृतिमा मनाइने गरेको छ । माघे संक्रान्तिलाई मगर समुदायले तीन दिनसम्म धुमधामका साथ चेलीबेटी पुज्ने र पितृ पुजा गर्ने पर्वका रूपमा मनाउने गरेको पाइन्छ । बालकहरू धनु बाँण खेल्दै माघे संक्रान्तिको रौनकता शुरू गर्छन् । माघे संक्रान्ति मेलाको अवसरमा रूरू क्षेत्र रिडीमा मेला लाग्ने गर्दछ । कालीगण्डकी नदीमा स्नान गरी ऋषिकेशको दर्शन गर्दा चार धाम गए बराबरको पूण्य प्राप्त हुन्छ भन्ने विश्वासले पनि पश्चिम नेपालका विभिन्न जिल्लाका साथै भारतका विभिन्न स्थानबाट समेत भक्तजन उक्त रिडी नदीमा पुग्ने गर्दछन् ।

## संक्षिप्त समाचार

### जापान भूकम्प : मृतकको संख्या २ सय २०

**(रासस/सिन्ह्वा)**

**टोकियो,** पुस २९/जापानको मध्य प्रान्त इशिकावामा आइतबार ७.६ म्याग्नीच्यूडको शक्तिशाली भूकम्प गएपछि मृत्यु हुनेको संख्या २ सय २० पुगेको छ । स्थानीय समयअनुसार बिहान ९ बजेसम्म सबैभन्दा बढी प्रभावित प्रान्तमा वेपत्ताको संख्या २० रहेको छ भने भूकम्पका कारण कम्तीमा एक हजार १५ जना घाइते भएको स्थानीय अधिकारीहरूले बताएका छन् । जापानको मौसम विज्ञान एजेन्सी (जेएमए) का अनुसार उत्तरी र पूर्वी जापानमा आइतबार साँझदेखि मंगलबारसम्म तीव्र हावाहुरी, हिमपात र उच्च छालआउने सम्भावना रहेको छ । भूकम्प प्रभावित होकुरिकु क्षेत्र र निगाता प्रान्तमा आइतबार ७२ किलोमिटर प्रतिघण्टाको रफ्तारमा हावा चल्ने अनुमान गरिएको छ ।

## सूचना

*माघे संक्रान्ति पर्व २०८०* को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, विज्ञापनदाता, पत्रकार, शुभचिन्तक तथा कर्मचारीहरूमा *हार्दिक शुभकामना* व्यक्त गर्दछौं । साथै माघे संक्रान्तिको अवसरमा माघ १ गते सोमबार दैनिकको कार्यालय बन्द हुने हुँदा हाम्रो आगामी अंक माघ ३ गते बुधबार मात्र प्रकाशन हुने समेत जानकारी गराइन्छ । सं.

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मगर संस्कृति हराउँदै गएकोमा चिन्ता व्यक्त

**पाल्पा,** पुस २९/पछिल्लो समय मगर समुदायको संस्कृति हराउँदै गएकोमा चिन्त व्यक्त गरिएको छ । जिल्लाको रामपुरमा रहेका मगर समुदायले आफ्नो रितिरिवाज भेष-भूषा र संस्कृति हराउँदै गएकोमा चिन्ता व्यक्त गरेका हुन् ।

माघे संक्रान्ति पर्वको अवसरमा नेपाल मगर संघ रामपुर-७ पाल्पाले आयोजना गरेको मगरी खानाका परिकारसहित शुभकामना आदान-प्रदान कार्यक्रमका सहभागीहरुले परम्परागत संस्कृति ओझेलमा परेको बताएका छन् । कार्यक्रम नेपाल मगर संघका केन्द्रीय सदस्य धनबहादुर रानाले मगर समुदायको रितिरिवाज भेष-भूषा, संस्कृति पछिल्लो समय ओझलमा पर्दै गएको भन्दै चिन्ता व्यक्त गरे । उनले विभिन्न समयमा मनाइने चाड पर्व पनि परम्परा भन्दा फरक मनाउन




थालेको बताए । अध्यक्ष रानाले आफ्नो मौलिक संस्कृति जोगाई राख्न सबै मगर समुदायलाई आग्रह समेत गरे । रामपुर नगरपालिका वडा-७ का वडा अध्यक्ष दोवराज तिवारीले मगर समुदायको पहिचान बोकेका विभिन्न संस्कृतिको संरक्षणका लागि वडा कार्यालयले सहयोग गर्ने भन्दै समुदायसँगै समाज रुपान्तरणमा लाग्न आग्रह गरे । संघ नगर समितिका अध्यक्ष रामबहादुर हिस्की थापाले जातिय पहिचानसँग जोडिएका हरेक संस्कार र संस्कृतिको संरक्षण गर्न आवश्यक रहेको बताए । एकिकृत मगर उत्थान समाज रामपुरका अध्यक्ष देवबहादुर थापा मश्राङ्गीले जातिय उत्थानसँगै आर्थिक समृद्धिका लागि पनि सोँच्नुपर्ने बेला आएको बताए । कार्यक्रममा रामपुर नगरपालिका वडा-७ का सदस्य मिनबहादुर सिंजाली, रामपुर नगरपालिकाका प्रेस सल्लाहकार दानु हिस्की मगर, एकिकृत मगर उत्थान समाज रामपुर पाल्पाका सचिव जमुना राना, नेपाल मगर संघ रामपुर-१ पाल्पाका अध्यक्ष नरराम राना, क्रियाशिल मगर उत्थान समुहका अध्यक्ष रेमबहादुर राना, सल्लाहाकार ताराबहादुर विरकट्टा, क्रियाशिल मगर उत्थान समुहका सदस्य दुर्गादेवी राना, प्रेमकुमारी बयम्बु, जनीसरा खासु लगायतले मगर संस्कृति ओझेलमा परेकोप्रति चिन्ता व्यक्त गर्दै संरक्षणमा सबै एक हुनुपर्ने बताए । सोही अवसरमा संघमा ५० हजार ५ बराबरको कोषको स्थापना गरिएको छ । संघका अध्यक्ष चेतबहादुर हिस्कीको अध्यक्षता, सहसचिव बलबहादुर थापाको स्वागत, उपाध्यक्ष हुममाया रानाको धन्यवाद, सचिव केशबहादुर थापा सारुको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सवारी दुर्घटना रोक्न गम्भीर बन

**सडकहरू 'मृत्युमार्ग' बन्ने क्रम रोकिएको छैन । शुक्रबार राती दाङको भालुबाङस्थित राप्ती नदीमा कहालीलाग्दो बस दुर्घटनामा १२ यात्रुको ज्यान गयो । यो घटनाले सबैको मन अमिलो भइरहेका बेला पुनः शनिबार दिउँसो बागलुङ र काठमाडौंमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा ७ जनाले अकालमै ज्यान गुमाउनु पर्‍यो । बागलुङको ढोरपाटनमा जिप दुर्घटनामा २ जना र काठमाडौंमा थानकोट-चित्लाङ सडक खण्डमा निजी सवारी दुर्घटना हुँदा ५ जनाले ज्यान गुमाए । यी खबरले फेरि एकपटक प्रश्न उठाएको छ । यो मानवीय त्रुटिका कारण भएको दुर्घटना हो कि सडक सुरक्षाको दृष्टिले राज्यले अपनाएका नीति,नियमको बलियो कार्यान्वयन हुन नसक्दा भएको हत्या हो ? सडक यात्राका क्रममा बर्सेनि सयौं निर्दोष नागरिकले अनाहकमा ज्यान गुमाउनुपर्ने जुन अवस्था छ, त्यसको कारण पहिल्याउन गम्भीर विमर्श आवश्यक छ ।**

**सडक दुर्घटनाका मुख्य कारण ट्राफिक नियमको पालना नहुनु, बढ्दो शहरीकरण, सडकको दुरावस्था, यातायातका साधनको अनियन्त्रित र असन्तुलित आयात, पैदलयात्रीमा आवश्यक चेतनाको अभाव, सडक अतिक्रमण, सडक विस्तारमा सुस्तता, सवारी दर्ता गर्दा रुटको अवस्था, यात्रुहरुको चाप, सडकको अवस्थाको अनुगमन नहुनु र सडक प्रयोगकर्ताको लापरवाही नै हुन् । जसका कारण निर्दोष नेपालीले अकालमै मृत्युवरण गर्नु परेको छ । दुर्घटनाले व्यक्ति, परिवार, समाज तथा देशलाई ठूलो क्षति भइरहेको छ । सरकारको सडक सुरक्षाप्रतिको संवेदनहीनताले कहीं न कहीं दुर्घटना बढाउने कारक भएको छ । नागरिकको सुरक्षित यात्राको सुनिश्चितता गर्ने सरकारले हो । त्यसको लागि सरकारले यातायात व्यवस्था र सडकसँग जोडिएका कानुनको नियमन र कडाइका साथ पालना गराउन सक्नुपर्छ । नियमन र बलियो कार्यान्वयनले मात्र सडक सुरक्षाको प्रत्याभूति दिन सक्छ । यसर्थ यसतर्फ सरकार र सम्बन्धित निकाय गम्भीर बन्न जरुरी छ ।**

## Opinion @ Social Network

ए जिन्दगी तसँग लड्नुको मजा नै बेग्लै, तैले रुवाउन न छाड्दैनस्,
म सधैं हारेर पनि हाँस्न छाडदिन ।
(*पूजा थापाको फेसबुक स्टाटस* https://www.facebook.com/*Pooja.Thapa*))

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अर्थराजनीतिमा क्वान्टम सिद्धान्तको प्रयोग



**केशव खतिवडा**

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । वैश्विक समाज विज्ञान र प्रविधिबाट सञ्चालित छ । त्यस कारण समाजको अध्ययन, मूल्याङ्कन, विश्लेषण र व्याख्या वैज्ञानिक दृष्टिकोणबाट गर्नु पर्छ । यसरी विज्ञानको आँखाबाट समाजलाई हेर्ने, बुझ्ने, परिवर्तन गर्ने र उन्नत गन्तव्यतर्फ डोऱ्याउनका लागि अर्थराजनीतिलाई विज्ञानसम्मत बनाउनुपर्छ । विज्ञानका दार्शनिक कार्ल पोपरका अनुसार यदि विज्ञान गलत साबित हुन तयार हुँदैन भने त्यो विज्ञान हैन, धर्मशास्त्र हो । त्यो अधिभूतवादी दर्शन हो । विज्ञान हुनका लागि गलत साबित हुने सामर्थ राख्नुपर्छ । तर धर्मशास्त्र र अधिभूतवादी दर्शनले गलत साबित हुने सामर्थ राख्दैनन् । त्यस कारण विज्ञानले अन्तरिक्ष र प्रकृतिमाथि क्रमशः विजय हासिल गर्दै प्रकृति, मानव समाज र चिन्तनका क्षेत्रका नयाँ नयाँ रहस्य उदघाटन गर्दै तीव्र विकास गर्दै गएको छ भने धर्म र अधिभूतवादी दर्शन अस्तित्व बचाउको अवस्थामा पुगेका छन् ।

दर्शनको तुलनामा विज्ञान सत्य हुन्छ । मानिसका चर्म चक्षुले विशाल ब्रह्माण्डलाई देख्न सक्दैन । सूक्ष्म अणु र परमाणुलाई पनि देख्न सक्दैन । केवल मध्यमस्तरका वस्तुलाई मात्र देख्न सक्छ । त्यस कारण विज्ञानको ज्ञान नभएका मानिसहरूको ज्ञान मध्यमस्तरको मात्र हुन्छ । क्वान्टम सिद्धान्तको खोज सन्, १९०० मा जर्मन वैज्ञानिक म्याक्स प्लाङ्कले गरेका थिए । जसले सूक्ष्म घटनाको व्याख्या र विश्लेषण गर्छ अर्थात् सूक्ष्म जगतमा घट्ने घटनाहरूको अध्ययन गर्ने वैज्ञानिक सिद्धान्त क्वान्टम सिद्धान्त हो । बृहत् स्तरको घटनाको अध्ययन सापेक्षताको सिद्धान्तले गर्दछ भने मध्यम स्तरको घटनाको अध्ययन यान्त्रिक सिद्धान्तले गर्दछ । त्यस कारण क्वान्टम सिद्धान्त बृहत् विज्ञानको एउटा सानो अंश मात्र हो ।

क्वान्टम सिद्धान्तको अध्ययनले मात्र बृहत् वा समग्र विज्ञानको ज्ञान हासिल गर्न सकिँदैन । क्वान्टम पदार्थ, ऊर्जा वा हरेक परिघटनाको सबभन्दा सानो एकाइ हो । जस्तै प्रकाशको सबभन्दा सानो एकाइ फोटोन । पदार्थको सबभन्दा सानो एकाइ क्वार्क वा क्वान्टा । समयको सबभन्दा एकाइ सेकेन्ड इत्यादि । यही अति सानो कण वा एकाइको गतिबाट नै क्वान्टम मेकानिक्सको अवधारणको सूत्रपात भएको हो । क्वान्टम मेकानिक्स आधुनिक भौतिकशास्त्रको आधारभूत अंग हो । जुन अति साना कणसँग सम्बन्धित छ र अनिश्चितता र सम्भावनालाई स्वीकार गर्दछ । क्वान्टम मेकानिक्स सबभन्दा आधारभूत तहमा कणको गतिशीलताको अध्ययन हो । जसले आणविक र परमाणिक स्तरमा पदार्थ र ऊर्जाको यथार्थ वर्णन गर्दछ । सारमा पारमाणिक वा सोभन्दा सानो स्तरमा पदार्थ र ऊर्जाको प्रकृति र व्यवहार नै क्वान्टम मेकानिक्स वा क्वान्टम फिजिक्स हो । सुरुमा यो सिद्धान्तप्रति असहमति जनाउँदै आइन्स्टाइनले भनेका थिए- भगवानले पासा खेल्नु हुन्न ।

**क्वान्टम सिद्धान्तका नियम :**

**विछिन्नताको नियम:** शक्ति वा वस्तु अविछिन्नताका रूपमा हैन विछिन्नताका रूपमा रहेको हुन्छ भन्ने रहस्यको उद्घाटन क्वान्टमको यो नियमले गरेको हो अर्थात् असंख्य सूक्ष्म कणहरूको संयोजनले एउटा पदार्थको निर्माण भएको हुन्छ । यो नियम वैज्ञानिक म्याक्स प्लाङले प्रतिपादन गरेका थिए । यसका लागि उनलाई सन् १९१८ मा नोबेल पुस्कार दिएको थियो ।

**कण तरङ्ग द्वैतताको नियम:** शास्त्रीय विज्ञानले कण र तरङ्गलाई अद्वैत रूपमा हेर्दथ्यो । क्वान्टम सिद्धान्तले मात्र कण र तरङ्ग जस्ता सूक्ष्म वस्तुलाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने सामर्थ राख्यो । तरङ्ग शक्तिको रूप हो भने कण पदार्थको रूप हो अर्थात् कण र तरङ्गमा भेद हुन्छ । त्यसैले यो नियमलाई कण तरङ्ग द्वैतताको नियम भनियो । यो नियम फ्रान्सेली वैज्ञानिक लुई डी ब्रोग्लीले पतालगाएका थिए । यसका लागि उनलाई सन् १९२९ मा नोबेल पुरस्कार प्रदान गरिएको थियो ।

**अनिश्चितताको नियम:** शास्त्रीय विज्ञानले प्रकृतिका घटना र विज्ञानका नियमहरू निरपेक्ष र सुनिश्चित हुन्छन् भन्ने मान्यता राख्दथ्यो । तर क्वान्टम सिद्धान्तले सूक्ष्म जगतमा सुनिश्चितताको नियम लागु हुँदैन भन्ने प्रमाणित गऱ्यो अर्थात् सुनिश्चितताको सट्टा अनिश्चितता वा सम्भाव्यताको नियम स्थापित गऱ्यो । यो नियम जर्मन वैज्ञानिक वेर्नर हाइजनवर्ग सन् १९२७ मा प्रतिपादन गरेका थिए । जसका लागि उनलाई सन् १९३२ मा नोबेल पुरस्कार प्रदान गरियो । यी तीनवटा नियमको योग नै क्वान्टम सिद्धान्त हो ।

**क्वान्टम सिद्धान्तको परिणाम :** खास गरी सन् १९९० को दशकदेखि विश्वमा प्राविधिक क्रान्तिको दशक सुरु भयो । जसमध्ये तीनवटा क्रान्तिलाई प्रमुख मान्न सकिन्छ । जुन क्रान्तिले विश्वलाई एक प्रकारले प्रकाश सापेक्ष गतिले रूपान्तरण गऱ्यो भन्दा सायद अत्युक्ति नहोला ।

**नानो टेक्नोलोजी:** जसले नयाँ उन्नत र शक्तिशाली औद्योगिक सामग्रीको आविष्कारमा क्रान्ति ल्यायो । जस्तै स्मार्ट फोन, ल्याक्टप, मेडिसिन, ऊर्जा इत्यादि ।

**डीएनए अणुमा आधारित:** जसले जैविक टेक्नोलोजीमा अद्भुत क्रान्ति ल्यायो । यसले जैविक जानकारीको भण्डारण गर्छ । यो प्राणीमा भएको आनुवंशिक अणु हो । जसले जीवलाई बढ्न, विकास गर्न र पुन उत्पादन गर्न आवश्यक निर्देशन गर्छ ।

**सिलिकन चिप्सको टेक्नोलोजीमा आधारित:** यसले सूचना र प्रविधिमा नवीन क्रान्ति ल्यायो । जसका कारणले एआईसम्मको विकास सम्भव भयो । यसरी विज्ञान र प्रविधिको क्षेत्रमा क्वान्टम सिद्धान्तले नयाँ क्रान्तिको सूत्रपात गऱ्यो । हरेक क्रान्ति मुलुक विशेष हुँदै वैश्विकस्तरमा फैलिने हुँदा र क्रान्तिको सिङ्गो व्यवस्थापन हरेक देशको सरकारले गर्ने भएको हुँदा क्रान्तिले अर्थराजनीतिलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यो दृष्टिकोणबाट हेर्दा क्वान्टम सिद्धान्तले अर्थराजनीतिलाई पनि प्रत्यक्ष प्रभाव पारेको छ । क्वान्टम सिद्धान्त यसका नियम र यसले ल्याएका परिणामको माध्यमबाट विश्व राजनीतिमा जस्तो प्रभाव पऱ्यो त्यसको वाछिट्टा नेपाली राजनीतिमा पर्नु स्वाभाविक हो । विज्ञानको ज्ञानले वैज्ञानिक दृष्टिकोण बन्दछ र वैज्ञानिक दृष्टिकोणले लेस भएको नेतृत्वले मात्र मुलुकको अर्थराजनीतिलाई विज्ञान सम्मत ढङ्गले नेतृत्व प्रदान गर्न सक्छ । उदाहरणका लागि विश्व पुँजीवादले पटक पटक संकट बेहोरेको छ । तर हरेक संकटपछि झनै परिष्कृत भएर आफूलाई विकास गर्दै लगेको छ । जसको लुकेको रहस्य भनेको विज्ञानसम्मत आफ्नु अर्थराजनीतिलाई ढाल्दै लैजानु हो । जस्तै ई गभर्नेन्स, डिजिटल इकोनोमी, रोबर्टिक्स । सरकारको प्रमुख कार्य अर्थ राजनीतिको प्रगतिशील व्यवस्थापन गर्नु हो । अर्थशास्त्र र राजनीतिको अन्तरसम्बन्ध नै अर्थ राजनीति हो ।

बृहत् अर्थमा राज्य, समाज, व्यक्ति र बजार व्यवस्थाबिचको अन्तर्क्रियात्मक सम्बन्धलाई अर्थराजनीति भनिन्छ । राज्य र बजारबिचको अन्तर्विरोधलाई अर्थराजनीतिको माध्यमबाट समाधान गर्नु पर्छ । प्रशासन, राजनीति र आर्थिक उन्नतिलाई जनताको भलाइसँग जोडनुपर्छ । देश विकासका लागि राजनीति, अर्थतन्त्र र प्रशासन उन्नत र परराष्ट्रनीति सन्तुलित हुनुपर्छ । तर नेपाली अर्थराजनीतिलाई किन आजको विज्ञान र प्रविधिको युगमा पनि विज्ञानसम्मत बनाउन सकिएन । यसका कारणको पहिचान गरी निराकरणका उपाय खोज्न आवश्यक छ । यसका कारण र निराकरणका उपायहरू देहाय बमोजिम देखिन्छन् ।

**पुराना धारणा परित्याग गर्न नसक्नु:** राज्य सञ्चालनको मुख्य तत्त्वहरूमा अर्थराजनीति, प्रशासन र परराष्ट्र नीति पर्दछन् । विश्वव्यापी रूपमा विज्ञान र प्रविधिमा जसरी परिवर्तन आयो, विश्व अर्थतन्त्र, शासन प्रणाली, शासकीय स्वरूप, मार्केट प्रोफाइलिङ, वैश्विक व्यवस्था प्रणाली, सानो सरकार र चुस्त प्रशासनको साथै सन्तुलित र सम्बद्धतासहितको परराष्ट्र नीति तथा चार्म अफेन्सिबसहितको कूटनीतिमा व्यापक रूपमा विज्ञानसम्मत परिवर्तन आएको छ । तर हाम्रो राजनीतिक नेतृत्व वृद्धतन्त्र उन्मुख, परम्परागत सोच तथा दृष्टिकोणबाट ग्रसित, शास्त्रीय राजनीतिक चिन्तन, मार्क्सवाद, समाजवाद, समाजवादउन्मुख, राजतन्त्रसहितको लोकतन्त्र, सार्क, असंलग्न आन्दोलन, अमुक सिद्धान्त जस्ता अधिभूतवादी चिन्तनले ग्रस्त छ । मुलुकलाई अग्रगमनतर्फ लैजानका लागि सर्वप्रथम यी पश्चगामी चिन्तनबाट मुक्त हुनुपर्छ । वैश्विक सापेक्षतामा आधारित एजेन्डा ले निर्दिष्ट गरेको सन्तुलित विकासको नयाँ मोडल अपनाउनुपर्छ ।

**द्वैततालाई स्वीकार गर्ने:** द्वैततको अर्थ बहुलता, विविधता वा भेद हो । यो क्वान्टम सिद्धान्तको महत्त्वपूर्ण नियम हो । समाजमा रहेको बहुविविधता, राजनीतिक प्रणालीमा रहेको बहुविचार, विश्व अर्थतन्त्रमा रहेको बहुढाँचा, बहुध्रुवीय विश्वराजनीति र परराष्ट्र नीतिलाई स्वीकार गर्नुपर्छ । जसरी पदार्थ र चेतनाको बिचमा, व्यक्ति र समाजका बिचमा, नेतृत्व र प्रणालीको बिचमा भेद छ । तर सँगै रहन्छन । एक्लाएक्लै भएमा दुवैको अस्तित्व रहँदैन । साथै हरेक घटनालाई एक रेखीय दृष्टिकोणबाट हैन बहुरेखीय दृष्टिकोणबाट हेर्ने धारणा बनाउनुपर्छ । वर्तमान समस्याको समाधान पुराना नेताको पुराना किताबमा खोज्ने हैन, आधुनिक विज्ञानमा खोज्नुपर्छ ।

**अवास्तविकता वा सम्भाव्यतालाई स्वीकार गर्नु:** क्वान्टम सिद्धान्त अनुसार हरेक सत्यहरू निरपेक्ष सत्य हैन । सापेक्ष सत्य मात्र हो । वास्तविकता हैन लगभग मात्र हो । समाज विकास क्रममा पुँजीवादबाट समाजवाद आउँछ भन्नु एउटा सम्भावना मात्र हो । सुनिश्चित वा ग्यारेन्टी हैन । गुरुत्वाकर्षणको सिद्धान्त पृथ्वीमा मात्र लागु हुन्छ । अन्तरिक्षमा लागु हुँदैन । समाजवाद वा कुनै वादबिना पनि मानव समाज उन्नतिको शिखरमा पुग्न सक्छ । कुनै वाद वा सिद्धान्त अन्तिम होइन । तर सुस्पष्ट र विज्ञानसम्मत दृष्टिकोण र खाका भने हुनुपर्छ । त्यस कारण राजनीतिक दलहरू अमुक वाद र सिद्धान्तको जडताबाट मुक्त हुनुपर्छ । जड वाद, सिद्धान्त वा दर्शन अवास्तविक सत्य र सम्भावना मात्र हुन भन्नेमा प्रस्ट हुनुपर्छ । हरेक आन्दोलन वा परिवर्तनले दोबाटो वा चौबाटोमा मात्र पुऱ्याउँछ । कुन बाटोबाट अघि बढ्ने भन्ने आधुनिक विश्व परिवेश र विज्ञानसम्मत धारणा वा दृष्टिकोण बनाउनुपर्छ ।

विज्ञानमा आधारित ज्ञानबिनाको राजनीति प्रियतावाद हो । पेसा र व्यापार हो । जसले समाजलाई कुनै गन्तव्यमा पुऱ्याउँदैन । राजनीतिक नेतृत्वलाई मात्र पद, प्रतिष्ठा र समृद्धिको गन्तव्यमा पुऱ्याउँछ । तर विडम्बना नेतृत्वले आफ्नो कुत्सित उद्देश्य पूरा गर्नका लागि सुनियोजित रूपमा राजनीतिमा अध्ययन तथा विज्ञानप्रतिको धारणा नकारात्मक बनाउँदै लगेका छन् । आलोचनात्मक चेतको हत्या गरेर दास मनोवृत्तिको विकास गरेका छन् । हरेक विषयको पदेन विज्ञताको पदवी धारण गरेका छन् । अमुक वाद र दर्शनलाई बजारीकरण गर्दै ठगी गरेका छन् । यी सबै विकृति र विसङ्गतिको मूल कारण नेतृत्वको स्वार्थपूर्ति र जनताको गलत नेतृत्वलाई निरपेक्ष रूपमा सही देख्ने गलत चिन्तन पद्धति हो । त्यस कारण यी यावत विकृतिबाट मुक्तिको बाटो मुलुकको अर्थराजनीतिमा क्वान्टम सिद्धान्तको प्रयोग हो ।


*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२१९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :धैर्य र सावधान भई काममा लाग्नु असल हुन्छ ।काममा अडचन आउछ। | **तुला** :प्रतिकूल समय चल्दैछ । आर्थिक समस्याले सङ्कट उत्पन्न गर्न सक्छ । |
| **बृष** :असल समय छ । बरु सानातिना कामको झमेला आउनसक्छ । | **बृश्चिक** : तपाई विरुद्ध काम गर्ने व्यक्तिहरू आफैं परास्त हुनेछन् । |
| **मिथुन** :फेरि पनि यात्राबाट मनले चाहे जस्तो सन्तुष्टि मिल्ने देखिन्न । | **धनु** :शरीर केही आलस्य हुनसक्छ । गरेका कामबाट सन्तोष मान्ने ठाउँ देखिन्छ |
| **कर्कट** : समय मध्यम छ । बिछोडको पीडाले मन बेचैन होला । | **मकर** :सामाजिक काममा संलग्न हुनुपर्ला। मेवा मिष्टान्न परिकार मिल्नेछ, । |
| **सिंह** : घरपरिवारबाट भरमग्दुर सहयोग प्राप्त हुनेछ । आत्मबल बढ्नेछ । | **कुम्भ** :दाजुभाइ वा नजिकका मित्रबाट विशेष सहयोग र सुख प्राप्त हुने देखिन्छ। |
| **कन्या** : आज सबैका लागि प्रणयसम्बन्ध र रतिराग बढाउने समय हो, । | **मिन** :समय मध्यम खालको छ । पारिवारिक समस्याले मन खिन्न हुनेछ । |



# दिवा खाजाले चेपाङ बालबालिका विद्यालयप्रति आकर्षित



चितवनको कालिका नगरपालिका-१० टुँडिखेलकी सिर्जना चेपाङको घरमा प्राय:जसो बिहान समयमा खाना पाक्दैन । उनलाई घरमा पकाएको खाने कुरा कुर्नुभन्दा विद्यालयमा पुग्न हतार हुन्छ । विद्यालयमा दिइने खाजाले उनलाई आकर्षित गर्ने गरेको छ । विद्यालयमा खान पाइने भएपछि घरबाट भोकै भए पनि विद्यालय आउने गरेको सृजनाले सुनाए । उनी कालिका-१० लोतंतीमा रहेको आधारभूत विद्यालयको कक्षा ३ मा अध्ययनरत छन् । "हाम्रो आठजनाको परिवार हो", उनले भने, "बाआमा बिहानैदेखि काम गर्न र खानेकुरा जुटाउन जानुहुन्छ, समयमै खान पाइँदैन ।" बिहान कहिल्यै समयमा खाना नपाकेको भन्दै उनले बेलुका भने नियमित खाने गरेको बताए । उनले धेरैजसो भोकै विद्यालय आउने गरेको बताए । कक्षा २ मा अध्ययनरत कविता चेपाङले घरमा आमाले खानेकुरा नपाएका कारण भोकै विद्यालय आएको बताइन् । उनी खाजा खान पाइने भएका कारण समयमै स्कुल आउने गरेको बताउँछिन् । "घरमा खाना पाक्दै थियो, विद्यालय आउन ढिला हुने भएकाले नखाइकन आएँ", उनले भनिन् ।

शिशु कक्षामा पढ्ने विकास चेपाङले पनि खाना नखाई विद्यालय आएको बताए । सिर्जना, कविता र विकासमात्र होइन, विद्यालयमा अध्ययनरत धेरै विद्यार्थी यसरी नै भोकभोकै विद्यालय आउने गरेका छन् । यस विद्यालयमा सबै चेपाङ बालबालिका अध्ययनरत छन् । उनीहरूलाई विद्यालयसम्म दिवा खाजाले आकर्षित गरिरहेको छ । शिशुदेखि कक्षा ३ सम्म पढाइने यस स्कुलमा ६० विद्यार्थी भर्ना भएका थिए । "तीन विद्यार्थी अन्य विद्यालयमा गए", विद्यालयका प्रधानाध्यापक भीमबहादुर तामाङले भने, "५७ बालबालिका अहिले अध्ययनरत छन् ।" चेपाङ समुदायमा आर्थिक अवस्थाका कारण खानाका लागि नै धौधौ रहेको भन्दै उनले कतिपय विद्यार्थी खाजा खानकै लागि आउने गरेको अनुभव सुनाए । "घरमा खान पाइएन भन्दै बालबालिका भोकभोकै विद्यालय आउँछन्", उनले भने, "दिउँसो १ बजेपछि दिइने खाजा कहिलेकाहीँ १२ बजे नै दिने गरेका छौँ, खाजा नहुने हो भने चेपाङ बालबालिकालाई एक दिन पनि विद्यालय टिकाउन गाह्रो हुने देखिन्छ ।" उनले बालबालिकालाई समयमै खुवाएर स्कुल पठाउन अभिभावकलाई भन्ने गरेको भए पनि उनीहरूको पारिवारिक र आर्थिक अवस्थाले सम्भव नभएको बताए । यस क्षेत्रका लोतंती, टुँडिखेल, जौगैरा, छ्यासलिङलगायतका ठाउँबाट पढ्नका लागि चेपाङ बालबालिका यस विद्यालयमा आउने गरेका छन् । "साना-साना बालबालिका एक घण्टासम्म हिँडेर अध्ययनका लागि आउँछन्", प्रअ तामाङले भने, "कक्षा ३ पास गरेपछि कालिका आधारभूत विद्यालय निमुवाटार जाने गरेका छन् ।" कक्षा ३ पछि विद्यालय टाढा भएका कारण कतिपयले पढाइ छाड्ने गरेको उनले बताए । स्कुलकी शिक्षिका सुष्मा रानामगरले प्रत्येक दिन स्कुलमा २० देखि २५ जना नखाई आउने गरेको बताइन् । "एउटै घरका दुई-तीनजना पढ्न आउँछन्, एउटा घरमा खाना नपाक्दा धेरैले खान पाउँदैन, भोकभोकै विद्यालय आउँछन्", उनले भनिन् । कसैले अभिभावक नभएर त कसैले चामल छैन ढिडो रुचेन भन्ने गरेको उनले बताइन् । कतिपय परिवारमा ढिलो पकाउने गरेका कारण पनि बालबालिका भोकै विद्यालय आउनुपरेको उनले बताइन् । बालबालिकालाई १ बजेसम्म राख्न धौधौ हुने गरेको जानकारी दिँदै उनले पढाउने बेलामा पनि उनीहरूको ध्यान खानेकुरातर्फ जाने गरेको बताइन् । "बालबालिकाले अघाउने खानेकुरा खोज्छन्, उनीहरूलाई सोधेरै खानेकुरा पकाउने गरेका छौँ", उनले भनिन् । नगरपालिकाका शिक्षा शाखा प्रमुख गंगाधर रिमाल भौगोलिक विकटताका कारण एक डेढ घण्टासम्म हिँडेर चेपाङ बालबालिका विद्यालय पढ्न आउनुपर्ने बाध्यता रहेको बताए । उनले प्रदेश सरकारसँगको सहकार्यमा चेपाङ बालबालिकालाई लक्षित गरेर आवासगृह निर्माण गरिरहेको जनाउँदै यो समस्या अन्त्य हुने बताए । कालिका-१० का वडाध्यक्ष नरजङ्ग प्रजाले भौगोलिक विकटता र आर्थिक अवस्थाका कारण बालबालिकाले समयमै पेटभरि खाएर स्कुल जान नपाएको बताए । उनले सबै बालबालिकालाई पेटभरि खानेकुरा खुवाउन सबै विद्यालयलाई निर्देशन दिइएको बताए । ***-रासस***


## रैनादेवी छहरा गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै दर्ता गरौं ।
- वन जंगललाई आगोलागी हुनबाट बचाऔं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पदाको संरक्षण गरौं ।
- आफ्नो गाउँ एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबै खालका विभेद अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, चर्पीमा मात्र दिसापीसाब गर्ने बानी बसालौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- सीप सिकौं, स्वालम्बी बनौं ।
- छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- भूकम्प प्रतिरोधि संरचना निर्माण गरौं ।
- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- प्लाष्टिकको प्रयोग नगरौं, वातावरण प्रदुषण हुनबाट जोगाऔं ।
- सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याऔं ।
- कृषि, पशुपालनमा यूवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।

**कृष्णप्रसाद तिमिल्सिना** — **प्रमुख प्रशासकीय अधिकृत**
**युवराज थापा** — **उपाध्यक्ष**
**रुक्माङ्गत भट्टराई** — **अध्यक्ष**

**रैनादेवी छहरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**छहरा, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**


# नेपालमा विदेशी विद्यार्थी ल्याउन के कुराले रोक्यो ?

***विद्यार्थी भिसाबाट नेपाल आउन पाइँदैन । भिजिट भिसामार्फत नेपाल आएर ६ महिनापछि विद्यार्थी भिसामा परिवर्तन गर्नुपर्ने हुन्छ । विदेशीहरूले त्यसरी भिजिट भिसामार्फत नेपाल आएर पछि भिसा परिवर्तन गर्नुपर्ने झन्झट गर्न नचाहने अध्यक्ष निरौलाको भनाइ छ । 'विदेशी विद्यार्थी ल्याउन पहिलो समस्या भनेको नीतिगत देखियो । कानुनमा विभिन्न समस्या देखिन्छ ।***

**कृष्णसिंह धामी :**
बर्सेनि लाखौं नेपाली विद्यार्थी विदेशमा अध्ययनका लागि जाने गरेका छन् । २०७९ मा १ लाख १० हजार वैदेशिक अध्ययन अनुमति पत्र (एनओसीए) जारी भएको तथ्याङ्क छ । शिक्षा मन्त्रालय अन्तर्गत एनओसी शाखाको तथ्याङ्क अनुसार विभिन्न ७० देशमा अध्ययन गर्न जान १ लाख १० हजार २१७ एनओसी जारी भएको थियो । उक्त संख्यामा एनओसी जारी भएपनि त्यसको करिब आधाको संख्यामा नेपाली विद्यार्थीहरू विदेश जाने गरेका छन् । तर, विदेशी विद्यार्थीहरू भने नगन्य मात्रामा नेपाल आउँछन् । विदेशी विद्यार्थीहरू सामान्यतया मेडिकल शिक्षा पढ्न आउने गरेका छन् । त्यो बाहेक खासै विदेशी विद्यार्थी नेपाल आउन सकिरहेका छैनन् । नेपालबाट जति संख्यामा विद्यार्थी विदेश गइरहेका छन्, त्यही आधारमा विदेशी विद्यार्थी नेपाल ल्याउन सकिने शैक्षिक परामर्श व्यवसायीहरू बताउँछन् । नेपाललाई शैक्षिक हब बनाउन सकिने उनीहरूको भनाइ छ ।

स्वतन्त्र शैक्षिक परामर्श व्यवसायी संघ नेपाल (फेकन) का अध्यक्ष राजु निरौलाले नेपाललाई शैक्षिक हब बनाउन सकिने बताए । धेरै कुराका लागि नेपाललाई शैक्षिक हबको रूपमा विकास गर्न सकिने उनको भनाइ छ । त्यसका लागि नेपालका विश्वविद्यालय तथा कलेजहरूको भौतिक पूर्वाधारदेखि लिएर अन्य संरचनालाई समेत व्यवस्थित गर्नुपर्ने उनले बताए । त्यस्तै विदेशी विद्यार्थी नेपाल ल्याउन नीतिगत समस्या रहेको निरौला बताउँछन् । कानुनी रूपमा विदेशी विद्यार्थीलाई नेपाल ल्याउन झन्झटिलो रहेको भन्दै उनले ती विषयहरूलाई सम्बोधन गर्न सकेमा सहजै विदेशी विद्यार्थी नेपाल आउन सक्ने बताए । त्यस्तै विदेशी विद्यार्थी नेपालमा पढ्न आउन भिसा समस्यासमेत देखिएको छ । विद्यार्थी भिसाबाट नेपाल आउन पाइँदैन । भिजिट भिसामार्फत नेपाल आएर ६ महिनापछि विद्यार्थी भिसामा परिवर्तन गर्नुपर्ने हुन्छ । विदेशीहरूले त्यसरी भिजिट भिसामार्फत नेपाल आएर पछि भिसा परिवर्तन गर्नुपर्ने झन्झट गर्न नचाहने अध्यक्ष निरौलाको भनाइ छ । 'विदेशी विद्यार्थी ल्याउन पहिलो समस्या भनेको नीतिगत देखियो । कानुनमा विभिन्न समस्या देखिन्छ । दोस्रो भनेको विद्यार्थीले नेपालमा विद्यार्थी भिसा पाउँदैनन् । यदि कुनै विद्यार्थी नेपालमा आएर पढ्नुपऱ्यो भने उसले ६ महिनाको लागि भिजिट भिसा पाउँछ,' अध्यक्ष निरौलाले भने, 'भिजिट भिसा पाइसकेपछि उसले सोसल सेक्यूरिटीहरूसँग कुरा गर्न पाउँदैन । इन्सुरेन्स पोलिसीबिना पढ्नुपर्ने देखिन्छ । विद्यार्थीले रिस्क लिएर पढ्न चाहँदैन । त्यसैले सबैभन्दा पहिला भिसाको पार्टबाट हेर्नुपर्छ । नेपाल सरकारले विद्यार्थी भिसा भनेर लागु गरिदिनुपर्छ ।'

**नेपालमा कुन-कुन विषयका लागि विद्यार्थी आउन सक्छन् ?**

अध्यक्ष निरौलाका अनुसार नेपाल शैक्षिक हबको रूपमा विकास गर्न सकिन्छ । विभिन्न विषयका लागि विदेशी विद्यार्थीहरूलाई नेपाल ल्याउन सकिने उनको भनाइ छ । नेपाल बुद्ध धर्मको लागि हब मानिन्छ । बर्सेनि लाखौं बुद्धिस्टहरू नेपाल भ्रमणका लागि आउने गरेका छन् । लुम्बिनी बौद्ध विश्वविद्यालयमा बुद्धिजम् कार्यक्रमको पठनपाठन हुँदै आएको छ । त्यसका लागि विभिन्न देशबाट समेत अध्ययन गर्न आउने गरेका छन् । त्यस्तै नेपाली विषय पढ्नका लागि भियतनामबाट मात्रै बर्सेनि १ हजार भन्दा बढी विद्यार्थी ल्याउन सकिने अध्यक्ष निरौलाको भनाइ छ । नेपालमा हाइड्रोइलेक्टिस, रक प्लान्टिङ प्रोग्राम, माउन्टेनरिङ प्रोग्राम, टुरिज्म प्रोग्राम, आयुर्वेदिक मेडिसिन जस्ता कार्यक्रमका लागि विदेशी विद्यार्थी ल्याउन सकिन्छ । काठमाडौं विश्वविद्यालयका सह-प्राध्यापक डा. निर्मलमणि अधिकारीले नेपालमा मेडिकल शिक्षाको हकमा विदेशी विद्यार्थी आइरहेको बताए । तर, अन्य विषयका लागि समेत विद्यार्थीहरू ल्याउन सकिने उनको भनाइ छ । 'विदेशी विद्यार्थीहरू विभिन्न रोगहरूको अध्ययन गर्न आउन सक्छन् । त्यस्तै प्राविधिक क्षेत्रमा हेर्दा नेपालसँग प्राकृतिक भौगोलिक जैविक विविधता भएको हुनाले एउटै ठाउँमा बसेर धेरै कुराको अनुभव लिन सकिने हुँदा इन्जिनियरिङ लगायतका विषय अध्ययनका लागि विद्यार्थी आउन सक्छन्,' अधिकारीले भने । नेपालको असली शक्ति भनेको वैदिक, सनातन, बौद्ध किरात, लगायतका विश्वका अति प्राचीन सभ्यताहरूको केन्द्र रहेको उनको भनाइ छ । हिमालय क्षेत्र भनेको ज्ञानको केन्द्र रहेको बताउँदै विदेशीहरूलाई यस्ता विषयमा पढ्न र अध्ययनका लागि ल्याउन सकिने उनको तर्क छ ।

विदेशी विद्यार्थीहरूलाई नेपालमा ल्याउन थुप्रै खालका चुनौती तथा समस्या रहेको अधिकारीले बताए । 'केही चुनौती छन् । के हाम्रा विश्वविद्यालयहरूले समयमै परीक्षा गर्छन् ? के हाम्रा विश्वविद्यालयहरूले जनरलको पब्लिकेशनलाई महत्त्वमा राखेका छन् । संसारमा पाठ्यक्रम कस्तो बनिरहेको छ ? त्यसलाई आधार मानेर आफूलाई परिमार्जित र परिस्कृत गरिरहेका छन् ? प्राध्यापकहरूको वृत्ति विकासको लागि प्रशस्त लगानी गरेका छौं कि छैन भनेर हेर्नुपर्ने हुन्छ,' उनले भने । नेपाल आउनमा निरुत्साहित हुने अर्को कुरा भनेको राजनीति पनि रहेको उनको भनाइ छ । नेपालका विश्वविद्यालयहरूमा धेरै राजनीति, तालाबन्दी, कोर्ष समयमै नसक्ने समस्या, परीक्षा समयमै नहुने जस्ता कुराले पनि विदेशीहरूलाई ल्याउन गाह्रो हुने उनको तर्क छ । त्यसका लागि नेपाल सरकार तथा सम्बन्धित विश्वविद्यालयहरूले समस्याको पहिचान गर्दै सुधार गर्नुपर्नेमा उनले जोड दिए ।

**मेडिकल शिक्षा पढ्न आउँछन् धेरै विदेशी**

नेपालमा मेडिकल शिक्षा पढ्न धेरै विदेशी विद्यार्थी आउने गरेका छन् । जसमध्ये धेरैजसो भारतीय विद्यार्थी छन् । तीबाहेक अन्य देशका विद्यार्थी पनि नेपालमा एमबीबीएस, बीडीएस लगायतका विषय पढ्न आउने गरेको चिकित्सा शिक्षा आयोगका सदस्य-सचिव कृष्णप्रसाद काप्रीले बताए । यो वर्ष ५६२ जना विदेशी विद्यार्थी मेडिकल शिक्षा अध्ययनका लागि नेपाल आएका छन् । जसमा धेरैजसो भारतीय विद्यार्थी छन् । विदेशीको लगानीमा खुलेका मेडिकल कलेजहरूले विदेशी विद्यार्थीलाई प्राथमिकता दिन्छन् । उनीहरूले विदेशी विद्यार्थी र नेपाली विद्यार्थी गरेर पढाउनुपर्ने हुन्छ । ती बाहेकका कलेजहरूलाई समेत निश्चित कोटा विदेशी विद्यार्थीका लागि छुट्याएको हुन्छ । त्यसरी नेपाल पढ्न आउने विद्यार्थीहरूको हकमा आयोगले लिने एकीकृत प्रवेश परीक्षा पास गर्नुपर्ने वा सम्बन्धित देशमा रहेको राष्ट्रियस्तरको प्रवेश परीक्षा पास गरेको हुनुपर्छ । त्यसपछि मात्रै नेपालमा मेडिकल शिक्षा पढ्न पाउने उनको भनाइ छ । तोकिएको कोटामा विद्यार्थी भर्ना भएनन् भने त्यहाँ नेपाली विद्यार्थीको लागि खुला गरिने काप्रीको भनाइ छ । मेडिकल शिक्षामा जसरी केही अन्य विषयमा समेत विदेशी विद्यार्थीहरू पढ्न आउने गरेका छन् । तर, कतिको संख्यामा विदेशी विद्यार्थी छन् भन्ने यकिन तथ्याङ्क सम्बन्धित विश्वविद्यालयसँग छैन । काठमाडौं विश्वविद्यालयमा अहिले ६ प्रतिशत विदेशी विद्यार्थी अध्ययनरत छन् । हालसम्म पासआउट भएका करिब ४२ हजारमध्ये १३ प्रतिशत विद्यार्थी विदेशी रहेको काठमाडौं विश्वविद्यालयले जनाएको छ । गत मंसिर २७ गते भएको काठमाडौं विश्वविद्यालयको २९ औं दीक्षान्त समारोहमा भारत, श्रीलंका र माल्दिभ्स गरी ३ देशका ११३ विद्यार्थी दीक्षित भएका थिए । काठमाडौं विश्वविद्यालयमा भारतीयसहित श्रीलंका, अमेरिका, अस्ट्रेलिया, क्यानडा लगायतका देशबाट विद्यार्थीहरू अध्ययन गर्न आउने गरेको पाइएको छ । यता त्रिभुवन विश्वविद्यालयमा भने कति विद्यार्थी अध्ययन गरिरहेका छन् यसको यकिन तथ्याङ्क छैन । विश्वविद्यालयका सूचना अधिकारी योगेन्द्र दाहालले सम्बन्धित विभागबाट कति विदेशी विद्यार्थी अध्ययन गरिरहेका छन भन्ने तथ्याङ्क पाइने बताए ।

**कति आउँछन् विदेशी विद्यार्थी ?**

नेपालका विश्वविद्यालय, प्रतिष्ठान तथा कलेजहरूमा कति विदेशी विद्यार्थी पढिरहेका छन् भन्ने यकिन तथ्याङ्क त छैन तर, अध्यागमन विभागको तथ्याङ्क अनुसार सन् २०२३ मा ९७८ जना विदेशी विद्यार्थी नेपालमा अध्ययन गर्नका लागि आएका छन् । जसमा अस्ट्रेलिया, अमेरिका, जापान, जर्मन, साउथ कोरिया, श्रीलंका, चीन, म्यानमार, भुटान, फ्रान्स, बेलायत लगायतका देशबाट आएका थिए । त्यस्तै सन् २०२२ मा ९२५ जना विदेशी विद्यार्थी नेपालमा अध्ययनका लागि आएको अध्यागमन विभागको तथ्याङ्क छ । सन् २०२१ मा ८५९ र सन् २०२० मा ८७८ जना विदेशी विद्यार्थी नेपाल आएको देखिन्छ ।

**के छ सरकारको योजना ?**

अहिले विश्व ग्लोबलाइजेशनको युगमा छ । कोही पनि सीमित परिधिभित्र बस्न चाहँदैनन् । बर्सेनि धेरै विद्यार्थी विदेश गइरहेका छन् । यस्तो अवस्थामा विदेशी विद्यार्थीलाई समेत नेपालतर्फ आकर्षित गरेर सन्तुलन कायम गर्नुपर्ने देखिन्छ । यसका लागि सरकारले समेत प्लानिङ गरिरहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता सह-सचिव शिवकुमार सापकोटाले बताए । विदेशी विद्यार्थीलाई आकर्षित गरेर नेपाललाई शैक्षिक हब बनाउनुपर्छ भन्नेमा सरकारको दुई मत नरहेको भन्दै उनले त्यसका लागि विश्वविद्यालयहरूले आवश्यक तयारी गर्नुपर्ने बताए । 'हाम्रा विश्वविद्यालयहरूले कसरी विद्यार्थी आकर्षित गराउने भन्ने योजना बनाउनुपर्छ । त्यसका लागि विश्वविद्यालयहरू स्वायत्त छन् । नीतिगत वा केही समस्या पऱ्यो भने सहजीकरणका लागि सरकारले सहयोग गर्छ,' प्रवक्ता सापकोटाले भने ।

***-रातोपाटी डटकम***

# पाल्पालीको दुई दिने साहित्यिक यात्रा

**पाल्पा,** पुस २९/पाल्पाका साहित्यकारहरुले दुई दिने साहित्यिक यात्रा गरेका छन् । शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपाल पाल्पाको आयोजनामा जिल्लाका साहित्यकारहरुको एक टोलीले विभिन्न जिल्लाको यात्रा गरेको हो ।



समृद्ध र समुन्नत पाल्पाली साहित्यको व्यापिकरणका लागि साहित्यिक यात्रा गरिएको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानका अध्यक्ष पुष्कर अथक रेग्मीको नेतृत्वमा गएको साहित्यकारहरुको टोलीले यही पौष २७ र २८ गते वालिङ, पोखरा, घान्दुक, कुस्मा, बेनी, बाग्लुङ, पूर्तिघाट र मिर्मीको यात्रा गर्दै तानसेन फर्किएको छ । साहित्यकार शम्भु अर्यालको पुस्तकालय वालिङमा साहित्यिक वार्ता र पुस्तक आदान-प्रदान गरी साहित्यकार रोहित ज्ञवालीले सञ्चालन गरेको चक्लेटी क्विज खेल्दै अघि बढेको टोली पोखरा पुगी हेमराज स्मृति प्रतिष्ठानकी अध्यक्ष कवयित्री रीता पहारीसँग साहित्यिक भेटवार्ता, परिचयसहित कृतिको आदान-प्रदान गरेको थियो । त्यसपछि पाल्पाली समाज पोखराका पदाधिकारीहरूसँग भेटघाट गरी पाल्पाको साहित्य, संस्कृति, शिक्षा र व्यापार प्रवर्द्धनका विषयमा जानकारीमूलक छलफल भएको थियो । साहित्यिक यात्रामा सहभागी टोलीहरू जनकविकेशरी धर्मराज थापाको कविघर बाटुलेचौर पुग्दा पाल्पाली टोलीलाई बाजागाजा सहित स्वागत गरिएको थियो । राष्ट्रिय एकता दिवस समेत परेको दिन भएकाले जनकविकेशरी धर्मराज सावित्री थापा प्रतिष्ठान र पाल्पाको संयुक्त आयोजनामा पाल्पा-पोखरा कवि वाचन समेत भयो । कार्यक्रममा धर्मराज थापाको संक्षेपमा चर्चा हुनुका साथै कविता वाचन समेत गरिएको थियो ।

यात्रामा पुष्कर अथक रेग्मी, राजेन्द्रगोपाल सिंह, रोहितप्रसाद ज्ञवाली, भोजराज भट्टराई, गम्भीर रायमाझी, रामजी ढुङ्गाना, आयाम कार्की, रोहित सिंह, शिव जिआर सहित बाल सहभागीहरू अस्तित्व रेग्मी, आविष्कार भट्टराई र ग्रिष्मा रायमाझी समेतको टोलीमा पोखरामा कवयित्री रीता न्यौपाने, डा.एलिषा रेग्मी र अस्मिता श्रेष्ठको सहभागिता रहेको थियो । साहित्यिक टोली साझ घान्द्रुकमा बास बस्न पुगेको थियो । त्यहाँ सहभागीरूले आ-आफ्नै तरिकाले सिर्जना र बुँदा टिपोट गरेका थिए । विहान रमणीय घान्दुक अवलोकन गरी कुस्मा, पर्वतको जीपलाइन र बन्जीजम्पिङ क्षेत्र अवलोकन गरी १२ बजे म्याग्दीको वेनी बजार पुगी खाना गलेश्वर महादेवको दर्शन गरी बाग्लुङ पुगी बाग्लुङ कालिकाको दर्शन गरी फर्कने तयारीमा रहँदा साथीहरूले आ-आफ्नै तरिकाले यात्राको टिपोट गरी करिडोरको बाटो कालीगण्डकीको तिरैतिर गुल्मीको पूर्तिघाट, स्याङ्जाको मिर्मी हुँदै साँझ पाल्पाको तानसेन आइपुगेको थियो । केही वर्ष अघि पनि प्रतिष्ठानले साहित्य तिर्थ कपिलधाको यात्रा गरेको थियो ।

# 'खानेपानी आवश्यकता परिपूर्ति गर्न प्रतिवद्ध छौं'

**पाल्पा,** पुस २९/रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले नगरवासीलाई खानेपानीको आवश्यकता परिपूर्ति गर्न नगर सरकार प्रतिवद्ध रहेको बताएका छन् । रजघरा खानेपानी तथा उपभोक्ता समिति रामपुर-३ रजघराको प्रथम साधारण सभालाई सम्बोधन गर्दै खानेपानीको आवश्यकता परिपूर्ति गर्न नगर सरकार सधैव प्रतिवद्ध रहेको बताएका हुन् ।



उनले खानेपानी जनताको आधारभूत आवश्यकतासँग जोडिएको संवेदनशिल विषय भएकाले नगर सरकार त्यसतर्फ गम्भीर रहेको धारणा व्यक्त गरे । नगर प्रमुख थापाले भने 'सरकारको एक घर एक धारा नीतिलाई नगर सरकारले पनि अनुसरण गरेको छ ।' उनले खानेपानी सम्बन्धी केही सरकारको नीति परिवर्तन गर्न आवश्यक रहेको औंल्याए । नगर प्रमुख थापाले खानेपानी योजना सञ्चान गर्दा उपभोक्ता स्वयमले खरिद गर्न नपाउने खानेपानी डिभिजन कार्यालयको प्रावधान ठिक नभएको बताए । उनले भने 'हरेक खानेपानी योजना सञ्चालन गर्दा स्वयम उपभोक्ताले विभिन्न सामान खरिद गर्न पाउनुपर्छ, कार्यालयले खरिद गर्दा आर्थिक अनियमितताको आशंका हुन्छ ।' रामपुर नगरपालिकाका प्रवक्ता एवं वडा नं. १ का वडा अध्यक्ष कपिलबहादुर खाँणले खानेपानी जनताको आवश्यकता र स्वास्थ्यसँग जोडिने भएकाले संवेदनशिल भएर लाग्न आग्रह गरे । वडा नं.३ का वडा अध्यक्ष दामोदर पाठकले स्वच्छ पिउने पानी खुवाउन र सबै उपभोक्ताको घर-घरमा धारा पुऱ्याउन समितिले काम गर्नुपर्ने बताए ।

कार्यक्रममा जेष्ठ नागरिक महासंघका केन्द्रिय सदस्य सूर्यप्रसाद श्रेष्ठ, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पाल्पाका ईञ्जिनियर सञ्जिव अधिकारी, निर्वाचन अधिकृत पशुपति खनाल, नेकपा एमाले रामपुर-३ का अध्यक्ष ईश्वरी खनाल, नेपाली काँग्रेसका सभापति प्रकाश ज्ञवाली लगायतले आ-आफ्ना धारणा राखे । सभामा पूर्व तदर्थ समितिका सचिव लोकनाथ भट्टराईले २८ लाख बराबरको आयव्याय र वर्तमान तदर्थ समिति सहसचिव खड्क सिं ठकुरीले १ लाख ६० हजार बराबरको छुट्टाछुटै आर्थिक प्रतिवेदन प्रस्तुत गरे । समितिमा केही विवादका कारण २ पटकसम्म तदर्थ समिति गठन गरिएको थियो । साधारण सभा तथा अधिवेशनले हरिप्रसाद कंडेलको अध्यक्षतामा ९ सदस्यीय उपभोक्ता समिति गठन गरेको छ । जसको उपाध्यक्षमा प्रेम पोखरेल, सचिवमा खडकसिं ठकुरी मदन, कोषाध्यक्षमा विष्णुबहादुर थापा र सदस्यमा ईश्वरी पाण्डे, सलक कामी, पार्वती शाही, देउमाया विक र दिर्घनारायण चापागाँई रहेका छन् । तदर्थ समितिका अध्यक्ष सुर्यप्रसाद पोखरेलको अध्यक्षता, सदस्य यमकान्त पाठकको स्वागत, सचिव हरिचन्द्र पोखरेलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# क्रिकेट : एपीएफ र कर्णाली विजयी



**काठमाडौं,** पुस २९/प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा सशस्त्र प्रहरी बलको एपीएफ क्लब र कर्णाली प्रदेश विजयी भएका छन् । कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा भएको खेलमा एफीएफले बाग्मती प्रदेशलाई ८९ रनले हरायो । एफीएफले दिएको २ सय ४२ रनको लक्ष्य पछ्याएको बाग्मती ४२ ओभर ५ बलमा १ सय ५२ रनमा अल आउट भयो । बाग्मतीका कप्तान रित गौतमले सर्वाधिक ६० रन बनाए । एपीएफका कप्तान रोहित पौडेलले ४ विकेट लिए । यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको एपीएफले ५० ओभरमा ९ विकेट गुमाएर २ सय ४१ रन बनायो । एपीएफका सन्दीप जोराले शतक बनाए । जोरा १ सय १७ बलमा १ सय १२ रन बनाएर आउट भए । बाग्मतीका सूर्य तामाङले ३ तथा प्रतिस जीसी र रिजन ढकालले समान ३ विकेट लिए । यस्तै भैरहवाको सिद्धार्थ क्रिकेट स्टेडियममा भएको खेलमा कर्णाली प्रदेशले गण्डकी प्रदेशलाई ७ विकेटले हरायो । गण्डकीले दिएको १ सय २३ रनको लक्ष्य कर्णालीले ३३ ओभर २ बलमा ३ विकेट गुमाएर भेटायो । कर्णालीका हिमांशु शाहीले ५३ रन बनाए । गण्डकीका अङ्कित न्यौपानेले २ विकेट लिए । यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको गण्डकीले निर्धारित ४५ ओभरमा ९ विकेट गुमाएर १ सय २२ रन बनायो । गण्डकीका अमृत गुरुङ र कमल परियारले सर्वाधिक समान २१ रन बनाए । कर्णालीका अनुज चनारा, दिनेश अधिकारी र दीपेन्द्र रावतले समान २ विकेट लिए । यो प्रतियोगितामा ७ प्रदेश र तीन विभागीय गरी १० टोली सहभागी छन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से ३१ दशमलव ६२ अंकले बढ्यो



**पाल्पा,** पुस २९/साताको पहिलो दिन सेयर कारोबार मापक नेप्से परिसूचक ३१ दशमलव ६२ अंकले बढेको छ । अघिल्लो दिनको तुलनामा यो १ दशमलव ५१ प्रतिशतले बढी हो ।

आइतबार बजार बढेसँगै समग्र नेप्से परिसूचक २ हजार ५९ दशमलव ४९ अंकमा उक्लेको छ । उक्त दिन कारोबारमा आएका १३ वटा उपसमूहमध्ये होटल र व्यापारबाहेक सबैको परिसूचक बढेपछि समग्र नेप्सेमा उच्च अंकले बढेको हो । कारोबार सुरु भएको केही मिनेटमै उच्च सुधार आएयता दिनभर सकारात्मक नै रहेर नेप्सेले सुधार आत्मसाथ गरेको थियो । सोक्रममा २ सय ११ कम्पनीको सेयर मूल्य बढेका छन् भने ३३ वटाको घटेका छन् । यता माछापुच्छ्रे बैंक, मितेरी डेभलपमेन्ट बैंक र राष्ट्रिय बीमा कम्पनीको मूल्य यथावत रहे । यसक्रममा ५ कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । थप ६ कम्पनीको मूल्य करिब १० प्रतिशतले बढेको छ । सर्वाधिक कमाउनेहरू हिमालयन पावर, कालिका पावर, तेह्रथम पावर, मध्यभोटेकोशी जवि र माथिल्लो मैलुङ खोला जवि रहे । आइतबार ९४ हजार ५ सय २६ कारोबारमा १ करोड ६६ लाख ५ हजार २ सय ३४ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ५ अर्ब ४५ करोड ४ लाख २१ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । गत बिहीबार सेयर बजारमा ४ अर्ब ३० करोड ७७ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो ।

आइतबार नेपाल पुनबीमा कम्पनीको प्रमोटर सेयर सर्वाधिक कारोबार भएको छ । यसको साढे ३५ करोड रुपैयाँ बढीको सेयर किनबेच भए । त्यस्तै, सोनापुर सिमेन्ट २४ करोड र हाथवे इन्भेस्टमेन्ट ११ करोड बढीको कारोबार भएको नेप्सेले जनाएको छ । उक्त दिन कारोबारमा आएका ३ सय १४ वटा कम्पनीमध्ये २ सय ११ वटाको सेयर मूल्य बढेको छ, ३३ वटाको घट्यो र बाँकी ३ वटा कम्पनीको स्थिर रह्यो ।

# जेसीज पदाधिकारीलाई 'लोम अफिसर' तालिम

**तानसेन,** पुस २९/पाल्पा जेसीजका पदाधिकारीलाई 'लोम अफिसर' तालिम दिइएको छ । पाल्पा जेसीज बर्ष २०२४ ले आफ्नो शाखाको कार्य सम्पादनलाई व्यवस्थित बनाउन ब्यक्तिगत क्षेत्रतर्फको लोम अफिसर तालिम पदाधिकारीलाई दिइएको हो ।



पाल्पा जेसिज बर्ष २०१५ का अध्यक्ष जेसी श्रीचन्द्र शाक्यले पदाधिकारीहरुलाई प्रशिक्षण दिएका हुन् । उनले पदीय जिम्मेवारी र कर्तब्य तथा जेसीजको लक्ष्य र उद्देश्यका बारेमा जानकारी गराएका थिए । मुख्य प्रशिक्षक शाक्यले शाखाले गरेका हरेक कार्यहरुलाई समयमै सही ढंगले सम्पादन गर्न सकिएन भने शाखाले मेहनतका साथ सम्पन्न गरेका कुनै पनि कार्यहरुको मुल्यांकन हुन नसक्ने बताए ।

हरेक सदस्यले शाखा व्यवस्थापनमा सहकार्य गर्न तालिमको आवश्यक रहेको उनको भनाई छ । युवाहरु हरेक पक्षमा सबल र सफल बन्न आफुमा अनुशासन र धैर्यता हुनुपर्ने समेत शाक्यले सहभागीहरुलाई बताए ।

तालिम संयोजक जेसी बालकृष्ण बस्यालको संयोजकत्वमा सञ्चालन भएको तालिम शाखाका अध्यक्ष जेसी अर्जुन कार्कीको अध्यक्षता, शाखा सम्पादक जेसी प्रकाश कार्कीको आस्था पाठ बाचन, व्यक्तिगत क्षेत्र तर्फका उपाध्यक्ष जेसी बिक्रम सिंहको स्वागत, महासचिव जेसी विजय कार्कीको सञ्चालनमा भएको थियो ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई